आज मिति २०७८० साल वैशाख २८ गते बिहिबार अपराह्न २:०० बजे प्रशासकीय भवनको कार्यपालिका बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिम उपस्थित भयौं।

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री पुष्पा कुमारी झा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ५. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ७. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ८. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ९. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| १०. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| ११. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| १२. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १३. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १४. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १५. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १६. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १७. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १८. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | युवमाया |
| १९. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| २०. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |

सहजकर्ता:- श्री जीतेन्द्र गिरी, श्री उपेन्द्र कुमार शर्मा

श्री चन्द्रिका थापा का.पि

श्री तारानाथ अधिकारी का.पि.

## सम्वत् २०८० साल वैशाख २८ गते बिहिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णयनं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकका निर्णय समीक्षा सम्वन्धमा।</td><td>यस गाउँपालिकाको मिति २०८० वैशाख १० गते आइतबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु समीक्षा गरियो।</td></tr>
<tr><td>२</td><td>गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको मिति २०८० वैशाख २७ गतेको गाउँ शिक्षा समितिको बैठकको निर्णयवाट सिफारिस भई आएका तपसिल बमोजिम शिक्षकहरुलाई निम्न बमोजिम कामकाजमा खटाउने:<br>तपसिल
<table>
<tr><th>क.सं.</th><th>शिक्षकको नाम, थर</th><th>तह,श्रेणी</th><th>हाल कार्यरत विद्यालय</th><th>कामकाजमा खटाइएको विद्यालय</th></tr>
<tr><td>१</td><td>श्री चन्द्रमाया तामाङ</td><td>प्रा.शि, राहत</td><td>श्री कालिका मा.वि लङ्गुरछविसे तीनपाटन ५</td><td>श्री प्राथमिक विद्यालय लङ्गुरखोला शहरे तीनपाटन ५</td></tr>
<tr><td>२</td><td>श्री प्रेमकुमार तामाङ</td><td>प्रा.शि, राहत</td><td>श्री प्राथमिक विद्यालय लङ्गुरखोला शहरे तीनपाटन ५</td><td>श्री कालिका माध्यमिक विद्यालय. लङ्गुरछविसे तीनपाटन ५</td></tr>
<tr><td>३</td><td>श्री ताराप्रसाद बराल</td><td>प्रा.शि, राहत</td><td>श्री कमला मा.वि छरछरे तीनपाटन १</td><td>श्री कमानेश्वरी प्रा.वि लङ्गुरदोभान तीनपाटन १</td></tr>
<tr><td>४</td><td>श्री सुर्यकुमार तामाङ</td><td>प्रा.शि,तृतीय</td><td>श्री कमानेश्वरी प्रा.वि लङ्गुरदोभान तीनपाटन १</td><td>श्री सरस्वती मा.वि हिलेपानी तीनपाटन १</td></tr>
</table></td></tr>
<tr><td>३</td><td>पाइप तथा सिमेन्ट खरिद पुरानो भुक्तानीको</td><td>यस गाउँपालिकाको आ.व. ०७९/८० को वार्षिक नीति, कार्यक्रम तथा वजेटको सि.नं. ८२ को शीर्षक आगामी गाउँ सभाको बैठकवाट अनुमोदन गर्ने गरी तपसिल बमोजिम संशोधन गर्ने ।<br>तपसिल</td></tr>
</table>



Scanned with CamScanner

## सम्वत् २०८० साल वैशाख २८ गते बिहिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णयनं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td></td><td>शिर्षक संशोधन गर्ने सम्वन्धमा ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>विनियोजित शीर्षक</th><th>संशोधन गरिएको</th><th>विनियोजित रकम</th><th>कैफियत</th></tr>
<tr><td>८२</td><td>पाइप तथा सिमेन्ट खरिद पुरानो भुक्तानी</td><td>पाइप तथा सिमेन्ट खरिद</td><td>रु.१०,००,०००/- (दस लाख)</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>४</td><td>विद्यालय फर्निचर सहयोग अनुदान सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको वडा नं. ९ को श्री माध्यमिक विद्यालय वतासे आँपटार र वडा नं. १ स्थित श्री जोरबाराही प्राथमिक विद्यालय बाघमारामा यस गाउँपालिकाबाट चालु आ.व. ०७९/८० प्रदान गरिएको फर्निचर सहयोग अनुदानको रकमबाट विद्यालयको आवश्यकता अनुसार क्रमशः चेन गेट निर्माण र जस्तापाता तथा मर्मत सम्भार कार्यको रकम सोही शीर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।</td></tr>
<tr><td>५</td><td>स्वास्थ्यकर्मीको रात्रीकालीन ड्युटीको रकम भुक्तानी सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको वडा नं. ११ स्थित प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटारमा रात्रीकालीन समयमा खटिनुपर्ने स्वास्थ्यकर्मी कर्मचारीहरुको नियमानुसारको भत्ता रकम पारिश्रमिक कर्मचारी (करार समेत) शीर्षकमा विनियोजित रकमबाट गर्ने ।</td></tr>
<tr><td>६</td><td>निःशुल्क वितरणको औषधि अभाव सम्वन्धमा ।</td><td>. ०७९/८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा विनियोजित रकम र सङ्घीय सरकार सशर्त अनुदानबाट प्राप्त रकमबाट औषधि खरिद लागि स्वास्थ्य संस्थाहरुमा पठाइएको औषधि सकिएर माग भई आएकोले तपसिल बमोजिमको एक जाँचबुझ समिति गठन गर्ने । उक्त बुझ तथा अध्ययन गरी प्रतिवेदन पेश गरेपश्चात खरिद प्रक्रिया सुरुवात गर्ने । उक्त समितिले पेश गरेको प्रतिवेदनको आधारमा आवश्यक ा बजेटको संघीय/प्रदेश सशर्त अनुदानबाट खर्च गर्ने ।<br><br>तपसिल<br>अ. श्री पुण्यहरी भुजेल, संयोजक, सामाजिक विकास समिति - संयोजक<br>आ. श्री गोविन्द वहादुर राउत, वडा अध्यक्ष, वडा नं. १ - सदस्य<br>इ. श्री रामेवचन साह, शाखा प्रमुख, जनस्वास्थ्य शाखा - सदस्य</td></tr>
</table>



Scanned with CamScanner

## सम्वत् २०८० साल वैशाख २८ गते बिहिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ७ | विविध । | (क) यस गाउँपालिकाको वडा नं. ९ स्थित भरोसा सामुदायिक सिकाई केन्द्रमा कार्यरत सहजकर्ता श्री विष्णु कुमारी गुर्मछान मगर लामो समयदेखि कार्यालयमा अनुपस्थित हुने गरेको, अनुपस्थितको कारण वडा कार्यालयको सिफारिसमा निजको तलब समेत रोक्का राखिएकोले निजलाई यस गाउँपालिकाको सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम तत्काल बर्खास्त गरी नयाँ भर्नाको प्रक्रिया अघि बढाउने ।<br>(ख) जिल्ला प्रहरी कार्यालय, सिन्धुलीबाट यस गाउँपालिकाको विभिन्न माध्यमिक विद्यालयहरुमा सञ्चालन भएको लागू औषध, बाल हिंसा, तनाव व्यवस्थापन, सकारात्मक सोंच तथा आत्महत्या न्यूनीकरण सम्वन्धी अनुशिक्षण कार्यक्रम बापतको रकम उपयुक्त शिर्षकबाट नियमानुसार भुक्तानी गर्ने ।<br>(ग) यस गाउँपालिकाको आ.व. ०७९/८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटको सि.नं. १०५ मा विनियोजित योगदानमा अधारित सामाजिक सुरक्षा कोष शीर्षकको बजेट कार्यान्वियनको लागि अध्ययन गरी प्रतिवेदन गर्न तपसिल बमोजिम एक समिति गठन गर्ने:<br>तपसिल<br>अ. श्री युवराज पहाडी, वडा अध्यक्ष वडा नं. ७ - संयोजक<br>आ. श्री जीतेन्द्र गिरी, शाखा अधिकृत (सातौं), प्रशासन शाखा - सदस्य<br>इ. श्री मान बहादुर समाल, सहायक पाचौं (करार कर्मचारी) - सदस्य<br>ई. श्री विमलराज काफ्ले, लेखा सहायक, पाचौं - सदस्य-सचिव<br>(घ) यस गाउँपालिकाको वडा नं. २ स्थित भिमस्थानमा बेवारिसे अवस्थामा रहेको पुलको लट्टा, भवानी माध्यमिक विद्यालयको पुरानो भवनको मालसामानहरु लिलाम बिक्रि गर्ने ।<br>(ङ) यस गाउँपालिकाको वडा नं. ११ स्थित चकमके बजार खानेपानी व्यस्थापन उपभोक्ता समितिले कार्यादेश बमोजिम निर्माण प्रारम्भ गरेको आरसिसि इनार दलदलको कारण पूरा गर्न सम्भव नभएकोले प्राविधिक प्रतिवेदन बमोजिम डिप बोरिङ मार्फत खानेपानी व्यवस्थापन गर्न लागत अनुमान परिवर्तन गर्ने । |



Scanned with CamScanner